NATIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

BROADCAST: 19:25 PM Dated: 10.05.2025

प्रमुख समाचारहरू-

1. भारत र पाकिस्तान झट्टै प्रबावका साथ गोलीबारी र सैन्य कार्यवाही रोक्न सहमत भएकाछन्। विदेश सचिव विक्रम मिस्रीले नयाँ दिल्लीमा यसको घोषणा गर्नुभयो।
2. प्रधानमन्त्री नरेन्द्र मोदीले आज रक्षामन्त्री राजनाथ सिंह र तीनै सेवा प्रमुखहरूसित बैठक गर्नुभयो।
3. सरकारले सबै मीडिया चैनलहरूलाई सामूदायिक जागरूता अभियान बाहेक आफ्ना कार्यक्रमहरूमा नागरिक सुरक्षा हवाई हमलाको सायरनको आवाज प्रयोग न गर्ने सल्लाह दिएको छ।
4. हवाई यातायात नियन्त्रण ATC बाट पुनः एक पटक अनुमति प्राप्त भएपछि उत्तराखण्डमा केदारनाथ ध्यानका लागि हेलीकप्टर सेवा फेरि थालिएकोछ।

## India –Pak Ceasefire

भारत र पाकिस्तान झट्टै प्रभावका का साथ गोलीबारी र सैन्य कार्यवाही रोक्न सहमत भएकाछन्। विदेश सचिव विक्रम मिश्रीले नयाँ दिल्लीमा यस संबधमा एक घोषणा गर्नुभयो। उहाँले भन्नुभयो, पाकिस्तानका सैन्य कार्यवाही महानिदेशकले आज अपराह्न युद्धविरामको आहवानको पहल गरेपछि विचार – विमर्शहरू गरियो र यो सहमति बनियो। विदेश मन्त्रालयले स्पष्टरूपमा दुवै देशहरू माझ सोझै तवरमा गोलीबारी र सैन्य कार्रावाई रोक्ने सहमति बनेको भनेको छ । कुनै अन्य मामिलाबारे कुनै अन्य ठाँउमा कुराकानी गरिने कुनै निर्णय न भएको पनि भनिएको छ।

यस अघि आज नयाँ दिल्लीमा अपरेशन सिन्दूर बारे एक विशेष प्रेस वार्तामा कर्नल सोफिया करैसीले भन्नुभयो

## अपरेशन सिन्दू- आतंकी

भारतद्वारा 7 मईका दिन अपरेशन सिन्दूर थालिए पछि पाकिस्तानमा जैश ए मोहम्मद र लक्ष्कर ए तैयबाका पाँच कुख्यात आतंककारीहरू मानिएका छन्। सूत्रका अनुसार, यी आतंकीहरूमा मुदस्सर खादियन खास उर्फ अब् जुंहाल, मौलाना मंसूह अजहरका निकट संबधी हाफिज मुहम्मद जमील, मोहम्मद युसुफ अजहर, खालिद उर्फ अबु अकाशा र मोहम्मद हसन खान शामेल छन्।

**जयशंकर – पाक**

विदेश मन्त्री डा एस जयशंकरले भन्नुभएकोछ भारत र पाकिस्तानले गोलीबारी र सैन्य कार्यवाही रोक्ने सहमति जनेकाछन् । एक सोसियल मिडिया पोस्टमा उहाँले भन्नुभयो, भारतले सबै किसिमको आतंकवाद विरूद्ध कड़ा अड़ान राखेकोछ र संधै नै राखि रहनेछ।

**अफ्गानिस्तान – मिसाईल प्रतिक्रिया**

अफगानिस्तानले अफगान क्षेत्रमा भारत द्वारा मिसाइल हमलाका पाकिस्तानका आरोपहरूका खंडन गरेको छ। अफगान न्यूज नेटवर्कसिक कुराकानीमा अफगान रक्षा मन्त्रालयका प्रवक्ताले यी दाबीहरूमा कुनै प्रकारको सत्यता छैन भनेका छन।

भारतका विदेश सचिव विक्रम मिसरीले आज विहान भएको एक प्रेस वार्तामा पाकिस्तानले भारतीय मिसाइलहरू द्वारा अपगानिस्तान माथ हलमा गरिएको निराधार आरोप लगाएकोछ, भन्नुभयो।

**संशो प्रधानमन्त्री – रक्षा बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज रक्षा मन्त्री राजनाथ सिंह र तानै सेना प्रमुखहरूका साथ बैठक गर्नुभयो। राष्ट्रीय सुरक्षा सल्लाहकार अजीत डोभल पनि बैठकमा उपस्थित हुनुहुन्थ्यो। पाकिस्तान विरूद् भारतको जवाबी कार्रवाई बीच यो बैठक नयाँ दिल्ली स्थित प्रधानमन्त्री आवासमा भएको थियो।

**परामर्श**

सरकारले सबै मीडिया चैनलहरूलाई के सल्लाह जारी गरेकोछ भने उनीहरूले सामुदायिक जागरूकता अभियान बाहेक आफ्ना कार्यक्रमहरूमा नागरिक सुरक्षा हवाई हमलाको सायरनको आवाजको प्रयोग न गर्नु। गृह मन्त्रालयले आफ्नो बयानमा भनेकोछ, सायरनको नियमित प्रयोगलेगर्दा, हवाई हमलाको सायरन प्रति नागरिकहरूको सम्वेदनशीलता कम हुनुसक्छ र नागरिकहरूले वास्तविक हवाई हमलाहरूको बेला यसलाई सामान्य कुरा भएको बुझ्नसक्छन्।

## FACT CHECK

पाकिस्तानको आक्रामकताको जवाफमा भारतको चारैतिरबाट गरिएको हमलाले आतंकवादको केन्द्र पाकिस्तान चिन्तित भएकोछ। परिणामस्वरूप पाकिस्तानले अब डिजीटल क्षेत्रमा बदलाको भावनाले दुष्प्रचारको सहारा लिइरहेको छ।

सोशल मीडिया प्लेटफर्महरूमा नक्कली भिडियोहरू देखि लिएर मीडियालाई दिग्भ्रमित गर्ने वैश्विक विमर्शलाई प्रभावित गर्ने र जनताको धारणा परिवर्तन गर्ने उसले प्रयासहरू गरि रहेकोछ।

श्रोतागण पाकिस्तानले सोशल मीडियामा दुष्प्रचारको सहारा लिइ रहेकोछ यसैले गर्दा यस सम्वेदनशील समयमा हरेक जानकारीको सावधानीपूर्वक जाँच गर्न जरूरी छ।

यदि तपाईहरूलाई कुनै संदिग्ध सामग्री, विशेषगरि भारतीय सशस्त्र बल अथवा वर्तमान स्थितिसित जुड़ेको कुनै पनि जानकारी प्राप्त हुन्छ भने यसको सूचना – PIB FACT CHECK लाई दिनुहोस्। whatsapp no 8799711259 or email id –socialmedia@pib.gov.in मा पनि यस्ता सामग्री र जानकारी पठाउनुसक्नु हुन्छ।

**उत्तराखण्ड चारधाम**

हवाई यातायात नियन्त्रण ATC बाट फेरि एक पटक अनुमति प्राप्त भएपछि उत्तराखंडमा केदार्रनाथ धामका लागि हेलीकप्टर सेना पुनः थालिएको छ। ATC ले देशमा सबै हवाई यात्राहरूको समीक्षा गरेकोछ।

उत्तराखण्डमा छारधाम यात्रा अन्तर्गत अहिले सम्म चार लाख भन्दा बढ़ि श्रद्धालुहरूले पवित्र तीर्थ स्थलहरूका दर्शन गरि सकेका छन्। एक सोशल मीडिया पोस्टमा मुख्यमन्त्री पुष्कर सिंह धामीले केदारनाथ धामका लागि हेलिकप्टर  सेवाहरू, सम्पूर्ण पाराले परिचालित भई रहेका छन् भन्नुभएको छ।उहाँले तीर्थ यात्रीहरूसित कुनै किसिमको उड़न्ते खबरहरूमाथि ध्यान न दिने आग्रह गर्नुभएकोछ। मुख्यमन्त्रीले भन्नुभयो, राज्य सरकारले श्रद्धालुहरूको सुरक्षित अनि सुविधाजनक तीर्थयात्रा सुनिश्चित गर्नका लागि निरन्तर कार्य गरि रहकोछ।

**दिल्ली हवाई अड्डा- उड़ान**

दिल्ली हवाई अड्डामा आज जम्मा 60 उड़ानहरू रद्द गरियो। यसमा 30 घरेलु आगमन र 30 घरेलु प्रस्थान उड़ानहरू शामेल थिए। उड़ानहरू बारे पहिले नै जानकारी र वैकल्पिक यात्राको व्यवस्थाका लागि आफ्नो ऐयरलाइनसित संपर्क गर्ने यात्रीहरूलाई सल्लाह दिइन्छ।

**Puduchery Mandaviya**

केन्द्रिय श्रम रोजगार तथा युवा मामिला मन्त्री डा मन,थ माडविया आज पुडुचेरीको एक दिने भ्रमणमा त्यहाँ पुग्नुभएकोछ। आफ्नो भ्रमणको बेला पुडुचेरीका उप राज्यपाल के कैलाशनाथन र मुख्यमन्त्री एन रंगासामीसित भेट गरि श्री माण्डवियाले छोटो छलफल गर्नुभयो।